(२)

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

द्वितीय वार्षिक प्रतिवेदन

२०४८–०४९



अख्तियार दुरूपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०४९

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

द्वितीय वार्षिक प्रतिवेदन

२०४८–०४९



अख्तियार दुरूपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०४९

फोन नं.– २१५८९२
२२२८४२
२२८९९०
२२३०७८
२२१४६३

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

पत्र संख्या:–

प्राप्त पत्र संख्या र मिति:–

बबरमहल

मिति:– २०४९।४।२२।५

विषय:–

श्री ५ महाराजाधिराज सरकारका हजुरमा

राजदरवार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ उपधारा (६) अनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०४८।०४९ (२०४८ श्रावण १ गते देखि २०४९ आषाढ मसान्तसम्मको) द्वितीय वार्षिक प्रतिवेदन चढाएका छौं । सरकार, जो हुकुम ।

सेवकहरू,

(रामप्रसाद श्रेष्ठ)	(राधारमण उपाध्याय)	(जनार्दनलाल मल्लिक)
आयुक्त	आयुक्त	प्रमुख आयुक्त

विषय सूची

सि.नं.		पेज नं.
१.	प्रस्तावना	१
२.	आयोगको गठन	१
३.	आयोगको प्रशासनिक संगठन, दरबन्दी र बजेट	२
४.	कार्य संचालन पुर्वाधार	२
५.	प्राप्त उजूरी निवेदन, तिनको प्रकृति र कारवाई अवस्था	३
६.	श्री ५ को सरकारको सम्बन्धित निकायमा आयोगले पठाएको सुझावहरू	३
७.	मुद्दा दायर र अन्य कारवाई	५
८.	उपसंहार	६

अख्तियार दुरूपयोग अनुसन्धान आयोग
दोस्रो वार्षिक प्रतिवेदन
२०४८।०४९

१. प्रस्तावनाः

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ अन्तर्गत व्यवस्थित अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा भए गरेको अनुसन्धान, तहकिकात एवं कामहरूको वार्षिक प्रतिवेदन संविधानको धारा ९८ (६) बमोजिम प्रस्तुत गरेको छ ।

२. (क) आयोगको गठन विधि यस प्रकार छः

१. श्री जनार्दनलाल मल्लिक, प्रमुख आयुक्त	२०४७।१०।२८ मा नियुक्त ।
२. श्री राधारमण उपाध्याय, आयुक्त	२०४७।१०।२८ मा नियुक्त ।
३. श्री रामप्रसाद श्रेष्ठ, आयुक्त	२०४८।१२।१४ मा नियुक्त ।
सचिवः	नियुक्ति मिति
श्री अम्बिकाभक्त शर्मा	२०४८।६।४

(यस अघि श्री जीतबहादुर मानन्धर का. मु. सचिव हुनुहुन्थ्यो)।

(ख) आयोगको काम, कर्तव्य र अधिकारः

१) संविधानको धारा ९८ अनुसार "कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा गराउने ।

२) अनुसन्धान तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरूपयोग गरेको देखिएमा निजलाई सचेत गराउन वा विभागीय वा अन्य कारवाईको लागि अख्तियारवाला समक्ष लेखि पठाउने ।

३) अनुसन्धान तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरिएको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरू उपर अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने ।

४) माथि उल्लेख गरिएका बाहेक अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ अन्तर्गतका काम कारवाईहरू गर्ने गराउने ।

(ग) प्रमुख आयुक्त र आयुक्तहरूको पारिश्रमिक, सुविधा र अन्य शर्त सम्बन्धी व्यवस्थाः

प्रमुख आयुक्त, आयुक्तहरूको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारित हुने संवैधानिक व्यवस्था छ । कानूनद्वारा निर्धारित नभएसम्मका लागि भनी हाललाई तत्कालिन अख्तियार दुरूपयोग निवारण आयोगका प्रमुख आयुक्त र आयुक्तहरूले पाए सरहको पारिश्रमिक सुविधा दिने भन्ने ०४७।११।१३ मा श्री ५ को सरकारको निर्णय भएको र अर्थ मन्त्रालयको २०४९।२।५ को पत्रबाट पारिश्रमिक वृद्धि भएको छ ।

आयुक्तहरूको पारिश्रमिक र सेवाका अन्य शर्त तथा सुविधा सम्बन्धी विधेयकको मसौदा बारे मिति २०४७।१२।१४, मिति ०४८।१।१९ र त्यसपछि ०४९।१।२८ मा श्री ५ को सरकारमा सुझाव पठाइएको छ । हालसम्म ऐन बनी सकेको छैन ।

अनुसन्धान आयोग ऐन, २०४८ को पहिलो संशोधन दफा २(घ)ले सोही ऐनको दफा ४ को उपदफा (१) मा उल्लेखित व्यक्तिहरूमा सीमित गरेको हुँदा आयोगले आफ्नो अधिकारको प्रयोग गरी कर्तव्य पालना गर्दा पनि सोही कानूनी सीमा भित्र रही गर्नु पर्ने कानूनी व्यवस्था हुन आयो।

आयोग समक्ष परेका उजूरी मध्ये माथि उल्लेखित क्षेत्राधिकारलाई ध्यान दिई कानून एवं नियमद्वारा तोकिएको कार्यविधि अनुसार कारवाई शुरू गरिन्छ। जसमा परेका उजूरी उपर छानबिन अनुसन्धान तहकिकात गर्दा उजूरीको औचित्य, प्रयोजन, त्यसमा निहित प्रामाणिक तथ्य र तथ्यलाई खम्बिर गर्ने आधार प्रमाणको संकलन प्रारम्भिक कार्य भित्र पर्दछ। प्रारम्भिक अनुसन्धानबाट उजूरी निवेदन व्यहोरा सत्यको नजिक पाइएमा अनुसन्धान अधिकृत नियुक्त गरी विस्तृत अनुसन्धान तहकिकात गर्ने कार्यविधि आयोगले अवलम्बन गर्दै आएको छ।

अनुसन्धान अधिकृत भएको कुनै पनि विवादमा निज अधिकृतले प्रचलित कानून बमोजिम विवादसँग सम्बद्ध प्रमाणको संकलन गर्ने, तत्सम्बन्धी कागजात झिकाउने, सम्बन्धित व्यक्तिको बयान गराउने लगायतको कार्यविधि पुरा गरी प्रतिवेदन आयोग समक्ष पेश गरेपछि त्यसबारे आयोगले छलफल गरी सो अनुसन्धानबाट मात्र आयोग सन्तुष्ट नभएमा आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गराई पुनः अनुसन्धान गराउने र प्राप्त प्रतिवेदन उपर आयोगले आरोपित कसूरको मात्रा विवादको गाम्भिर्यता, विवादको प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई विचार गरी आयोगबाटै तामेलीमा राख्ने, अन्य निकाय वा पदाधिकारी समक्ष कारवाई गर्न लेखी पठाउने वा मुद्दा दायर गर्ने कुराको निर्णय गर्दछ। तामेली राख्ने, अन्य निकायमा कारवाई गर्न लेखी पठाउने वा मुद्दा दायर गर्ने र गर्न लगाउने तीनैवटा कार्य आयोगको संवैधानिक कर्तव्य भित्र पर्दछन्।

४. आयोगको प्रशासनिक संगठन र बजेट व्यवस्थाः–

(क) संविधान एवं कानूनद्वारा तोकिएको कर्तव्य पालना गर्ने प्रयोजनका लागि केन्द्रीय स्तरमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठनका साथै आयोगको एक सचिवालय रहने र सो सचिवालयमा श्री ५ को सरकारद्वारा नियुक्त सचिव सचिवालयको प्रशासकीय प्रमुखको रुपमा रहनेछ। सचिवालयमा श्री ५ को सरकारद्वारा स्वीकृत अनुसूची १ (एक) मा तोकिए बमोजिमका दरबन्दीहरू रहने व्यवस्था छ। आयोगको गठन र कार्य प्रकृतिको आधारमा संगठनमा रहने कर्मचारीको आपूर्ति व्यवस्था पनि अलग प्रकृतिको छ। अपराधको प्रकृति र त्यसमा गर्नु पर्ने अनुसन्धानको कारवाईमा खास गरी तत्सम्बन्धी विषयमा दक्ष कर्मचारीको आवश्यकता पर्ने हुँदा कानून, प्रशासन, लेखा, प्राविधिक, प्रहरी आदि विषयमा अनुभव हासिल गर्नुको साथै उच्च मनोबल भएका व्यक्तिबाट सो पदहरू पूर्ति गर्ने व्यवस्था छ। आयोगको कामको प्रकृति हेरी तत्सम्बन्धी विषयमा कामको अनुभव भएका दक्ष कर्मचारीलाई केही समयका लागि आयोगमा काजमा ल्याई काम गराउने व्यवस्था पनि भएकोले सो अनुसार पनि काम गराउने गरिएको छ। श्री ५ को सरकारद्वारा स्वीकृत दरबन्दी आपूर्ति गर्नमा पनि कतिपय कारणले उपयुक्त व्यक्तिको अभाव भई सो पदहरूमा करारमा कर्मचारी नियुक्त गरी काम चलाउँदै गरिएको पनि छ।

भ्रष्टाचार निवारणको काममा संलग्न गराउने प्रयोजनका लागि आयोगको प्रशासकीय संगठन निर्धारण गर्दा आयोगमा रहने स्वीकृत दरबन्दीका कर्मचारीका अतिरिक्त श्री ५ को सरकारका कर्मचारीलाई पनि आयोगको अधिकार सुम्पन सक्ने व्यवस्था भएकाले आयोगले आवश्यक र उपयुक्त ठानेमा आफूलाई प्राप्त अधिकार सुम्पन सक्ने हुँदा आयोगको प्रशासनिक संगठन केन्द्रमा मात्र व्यवस्था गरिएको छ।

(ख) आयोगको आ. व. ०४९।५० मा कूल बजेट रू. ४१,४६,७००।८२ मध्ये रू. ३६,९७,७००।८२ निकासा भई रू. ३५,०९,५५९।५४ खर्च भएको छ। आयोगको विनियोजित, निकासा खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची २ (दुई) बमोजिम रहेको छ।

५. आयोगको कार्य सञ्चालन र बैठक :

आयोगले सम्पादन गर्नुपर्ने कार्य सरल र विकेन्द्रीत प्रकृयाबाट सम्पादन भै त्यसमा संलग्न पदाधिकारी एवं कर्मचारीमा जिम्मेवारी बोधको धारणा समेत विकसित गराउने नीति अनुसार आयोगमा कार्यरत प्रमुख आयुक्त लगायत तीनैजना आयुक्तहरूमा एकआपसमा आयोगको अधिकार विभाजन गरिएको छ। आयुक्तहरूमा तोकिएका मन्त्रालय वा निकायहरू कार्यरत पदाधिकारी उपर परेका उजूरीहरू सम्बन्धित आयुक्तको सामान्य रेखदेख र नियन्त्रणमा अनुसन्धान तहकिकात गर्ने व्यवस्था छ। आयुक्तहरू बीच कामको बाँडफाँडका अतिरिक्त आयोग भित्र कानून, प्रशासनिक, लेखा, प्राविधिक र जन सम्पर्क गरी पाँच महाशाखा रहेका छन्। ती महाशाखामा राजपत्रांकित प्रमुख श्रेणीका महाशाखा प्रमुखहरू रहने र महाशाखा प्रमुखहरूलाई पनि निजहरूको कामको अनुभवको आधारमा मन्त्रालय एवं निकायहरू एक आपसमा बाँडी निजहरूले आफ्नो जिम्मेवारी परेका मन्त्रालय वा निकायमा सार्वजनिक पद धारण गरेका व्यक्ति उपरको उजूरी सम्बन्धित आयुक्तको निर्देशनमा प्रारम्भिक अनुसन्धान गर्ने गरिन्छ।

महाशाखा प्रमुखको जिम्मेवारीमा मन्त्रालय वा निकाय बाँडफाँड गर्दा सकेसम्म सबै आयुक्तसंग सबै महाशाखा प्रमुखको सम्पर्क कायम हुने गरी व्यवस्था मिलाइएको छ। आयोग भित्र संरचना गरिएको महाशाखा प्रमुखलाई तोकिएको मन्त्रालय वा निकायमा कार्यरत सार्वजनिक पद धारणा गरेको

५. संगठन संरचना बमोजिम पदपूर्ति भै नसकेको अवस्थामा सीमित जनशक्ति र उपलब्ध साधनको परिधि भित्र रही आयोगले गरेका कार्यहरू तल उल्लेख गरिएको छः

आयोगमा परेका तथा सरी आएका उजूरी निवेदनहरू, तिनको प्रकृति र कारवाई अवस्थाः

(क) तत्कालिन अख्तियार दुरूपयोग निवारण आयोगबाट सरी आएका र गत वर्ष परेका उजूरीहरू ५६४ थिए भने कारवाई मिसिल ४६ थान थिए। २०४८ श्रावणदेखि ०४६ असारसम्ममा जम्मा ४५६ उजूरी पर्न आए। जम्मा जम्मी १०६६ थान उजूरीहरू(मिसिल समेत) अनुचित कार्य र भ्रष्टाचारसँग सम्बन्धित थिए। उजूरी निवेदनहरूको क्षेत्र तथा जिल्लागत विवरण अनुसूची ३ मा दिइएको छ।

(ख) कतिपय उजूरी क्षेत्राधिकार बाहिरका देखिए भने कतिपय उजूरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावलीको दफा ८ अनुसारका देखिन आए।

(ग) आयोगले कारवाई चलाउन अधिकार नभएका र अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०४८ को दफा ८ को खण्ड (क) देखि (छ) सम्मका उजूरी सम्बन्धित आयुक्त समक्ष पेश भै पहिलो सुनुवाई भै तामेलीमा रहन गएका छन्।

(घ) छानविन गर्नुपर्ने देखिएका उजूरीहरू उपर छानविन गरी गराई अदालत वा अख्तियारवाला समक्ष थप कारवाई गर्न पठाउन प्रमाण नपुग्ने जति आयोगबाटै अन्तिम फछ्यौंट गरिएको छ। अनुसन्धान तहकिकात गर्नु गराउनु पर्ने देखिएकोमा अनुसन्धान अधिकृत नियुक्त गरिएको छ।

(ङ) उपयुक्त निर्णयका लागि सम्बन्धित निकायमा पठाउन पर्ने देखिएका सम्बन्धित निकायमा पठाइयो भने मुद्दा दायर गर्नुपर्ने मुद्दा दायर गरियो।

(च) केही निवेदनहरू अझै छानविन हुन बाँकी छन्।

(छ) विभिन्न कारवाई अवस्था फछ्यौंट र कारवाई हुन बाँकी उपर्युक्त उजूरी निवेदनहरूको संख्यात्मक विवरण यस प्रकार छ।

१. प्राप्त उजूरी निवेदनहरू (अघिल्लो वर्षको जिम्मेवारी समेत)		१०६६
(क) अघिल्लो वर्षको जिम्मेवारी	६१३	
(ख) २०४८ साल श्रावण १ गतेदेखि ०४६ साल आषाढ मसान्तसम्म	४५६	
२. जम्मा फछ्यौंट		५८१
(क) पहिलो सुनुवाई भै नियम बमोजिम तामेलीमा रहेका	३०४	
(ख) आयोगबाट बुझि कारवाई भै अन्तिम फछ्यौंट भएका (अदालतमा मुद्दा दायर भै विचाराधिन रहेका र सम्बन्धित निकायमा उपयुक्त निर्णयका लागि पठाइएका समेत)	२७७	
३. कारवाई भइरहेका		४७३
(क) अनुसन्धान अधिकृत तोकिएका	२७	
(ख) प्रारम्भिक छानविन गर्न तोकिएका	६	
(ग) अन्य कारवाई भइरहेका	४४०	
४. बाँकी (छानविन हुन बाँकी)		१५

(ज) अनुसन्धान अधिकृत नियुक्त गरी कारवाई चलिरहेका उजूरी निवेदनका विषय विवरण अनुसूची ४ मा दर्शाइएको छ।

६. उजूरी निवेदन उपर छानविन, अनुसन्धान तहकिकात गर्दा उपयुक्त देखिएका निम्न सुझावहरू आयोगले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ (संशोधन सहित) को दफा २८ अनुसार श्री ५ को सरकारको सम्बन्धित निकायमा पठाएको छः–

(क) नुवाकोट जिल्ला वन कार्यालयका वन नियन्त्रक (डि. एफ. ओ.) श्री तुलसी भक्त प्रजापतिले भिष्म विक्रम थापाको निवेदनमा नुवाकोट जिल्ला ककनी डाँडाको करीब ३२८ रोपनी जग्गा पुर्खालाई श्री ५ महाराजाधिराज राजेन्द्र विक्रम शाहदेवबाट पौवा गुठी राख्न लालमोहर बक्स भएको भनी लालमोहरको प्रतिलिपी राखी निजी वन लगाउन दिएका निवेदनमा सर्जमिन गराई निजी वनमा दर्ता गरी भ्रष्टाचार गरे भन्ने उजूरीका सम्बन्धमा आयोगबाट जग्गाको किसिम (गुठी, बिर्ता, रैकर) के हो सो बारे सम्बन्धित निकायबाटै कारवाई किनारा हुने भएकाले सो कारवाई किनारा सम्बन्धी कारवाई सिलसिलामा वन सम्बन्धी ऐन, २०१८, भूमि सम्बन्धी ऐन, २०२१ एवं गुठी सम्बन्धी ऐन, २०३३ हेर्दा–

वन सम्बन्धी ऐन, २०१८ को दफा ३३ मा कुनै व्यक्तिले आफनो हक भोगको जग्गामा निजी वन लगाउन सक्नेछ भनिएको छ भने भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) अनुसार श्री ५ को सरकारको सूचित आदेशद्वारा औद्योगिक कामको लागि र कृषि उद्योगको लागि तोकिएको अधिकतम हद भन्दा बढी जग्गा राख्न पाउने व्यवस्था छ भने सोही दफाको खण्ड (च) ले गुठी संस्थान ऐन, २०३३ बमोजिमको गुठी संस्थानको जग्गामा अधिकतम हद नलाग्ने व्यवस्था छ। उल्लेखित ऐनको व्यवस्था र श्री ५ को सरकारका अधिकारीहरुले सो ऐन कार्यान्वयन गर्न गरेको कार्यविधि हेर्दा एक आपसमा ऐनको व्यवस्था असंगत र स्पष्ट नभएको व्यहोरा आयोगले अनुभव गरेको छ। वन सम्बन्धी ऐनको दफा ३३ ले आफनो हकभोगको जग्गामा निजी वन लगाउन पाउने व्यवस्था गर्दा जग्गाको हद र सिमा तोकिएको छैन। आफनो हक भोगको भन्नाले गुठी अधिनस्थ निजी गुठी, राज गुठी, छुट गुठी भित्रका जग्गा पर्ने नपर्ने के हो सो स्पष्ट छैन। यदि भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (च) बमोजिम सो जग्गा-हरुमा अधिकतम हद नलाग्ने हो भने निजी गुठीका जग्गाहरु जसमा पूर्ण स्वामित्व नै गुठीयारहरुमा रहन्छ तिनीहरुबाट भूमि सम्बन्धी ऐनले निर्धारित गरेको हद भन्दा बढी जग्गा गुठी राखी सो ऐनलाई निष्प्रयोजन गराउन सक्ने सम्भावना देखियो। यता अनुसन्धान तहकिकातको सिलसिलामा सम्बन्धित पदाधिकारीहरु बुकदा गुठी जग्गामा निजी वन लगाउन नपाउने कुनै ऐनमा व्यवस्था छैन भनी उल्लेख गरेको पनि पाइयो। अतः यस्तो स्थितिमा प्रचलित कानूनमा संशोधन गरिनु मनासिब देखिएकोले वन सम्बन्धी ऐन, २०१८ को निजी वन सम्बन्धी व्यवस्थामा र वन नियमावली, २०४१ मा निजी वन लगाउन पाउने व्यक्तिले आफनो हक भोगको के कस्ता प्रकृतिका जग्गामा अधिकतम हद कतिसम्म निजी वन लगाउन पाउने र त्यस प्रयोजनका लागि छुट्याइएको जग्गामा निजी वन नलगाई अन्य कार्यमा सो जग्गा प्रयोग गरेमा परिणाम के हुने भन्ने समेत कुरा स्पष्ट गर्न ऐन नियममा संशोधनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (१) (क) बमोजिम श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवा-लयमा सुझाव पठाइएको छ।

(ख) तत्काल नुवाकोट जिल्ला वन कार्यालयमा कार्यरत वन नियन्त्रक डि.एफ.ओ. श्री तुलसीभक्त प्रजापतिले निजी वन दर्ता सम्बन्धी कारवाईको सिलसिलामा भिष्म विक्रम थापाको लालमोहरबाट प्राप्त पौवा गुठी भनिएको जग्गामा निजी वन लगाउन पाउँ भन्ने निवेदन उपर कारवाई गर्दा प्रचलित ऐन नियम बमोजिम निजी हक भोग सम्बन्धमा आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी प्रमाण हेरी पदीय दायित्व निर्वाह गर्नु पर्नेमा सो गरेको नदेखिएकाले निज प्रजापतिलाई प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१) (ख) बमोजिम सतर्कता अपनाई कार्य सम्पादन गर्ने निर्देशन भने प्रयोजनका लागि वन तथा वातावरण मन्त्रालयमा लेखी पठाइएको छ।

(ग) नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९८ को उपधारा २ मा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजलाई सचेत गराउन वा विभागीय कारवाई वा अन्य आवश्यक कारवाई हुनका लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्ने संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्ने प्रयोजनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ८ मा अनुचित कार्य सम्बन्धी कारवाई गर्दा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले ऐनको दफा ३ को खण्ड (क) देखि (छ) सम्मको कुनै कार्य गरेको प्रमाणित हुन आएमा सोही ऐनको दफा ८ को उपदफा १२ बमोजिम विभागीय कारवाईका लागि अख्तियारवाला समक्ष लेखी पठाउने व्यवस्था छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट माथि लेखिएका ऐनको व्यवस्था बमोजिम लेखि गएमा अख्तियारवालाले पनि सेवा शर्त सम्बन्धी ऐन नियम बमोजिम कारवाई गर्नु अनिवार्य हुन्छ तर सेवा शर्त बमोजिम कारवाई गर्ने भन्नाले सार्वजनिक पद धारणा गरेको व्यक्तिलाई विभागीय कारवाई गर्दा सेवा शर्त सम्बन्धी ऐन नियमको परिधि भित्र रही गर्नुपर्ने हुन्छ, सेवा शर्त सम्बन्धी ऐनमा जुन जुन कार्यहरु गर्न नहुने गरी निषेध गरिएका छन् ती कार्यहरु भए गरेमा मात्र सोही सेवा शर्त सम्बन्धी ऐन नियम बमोजिम सजाय भागी गराउन सकिने हुन्छ। सेवा शर्त सम्बन्धी ऐनमा अनुचित कार्य गरेमा सजाय भागी हुने प्रावधान नभए पछि सेवा शर्त सम्बन्धी ऐनले निषेध नगरेको कार्यगरे बापत अख्तियारवालाले सजाय दिँदा कानूनी प्रश्न उठन सक्ने हुन्छ। तसर्थ श्री ५ को सरकार वा संगठित संस्थामा बसी काम गर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिहरुको सेवा शर्त सम्बन्धी ऐन नियममा "अनुचित कार्य" गरेमा विभागीय सजाय हुने प्रावधान समावेश गर्नु मुनासिब देखिएकाले आवश्यक कार्यार्थ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (१) (क) बमोजिम श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयलाई सुझाव पठाइएको छ।

(घ) साथिक अख्तियार दुरुपयोग निवारण आयोग भनेका ठाउँहरुमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग भन्ने वाक्यांशहरु विभिन्न ऐन नियमहरुमा मिलाउन पनि श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयलाई सुझाव पठाइएको छ।

(ङ) तत्कालिन विराटनगर नगर पञ्चायतका पञ्च पदाधिकारीहरुले सो संस्थाको सार्वजनिक रकम दुरुपयोग र भ्रष्टाचार गरे भन्ने सम्बन्धमा साथिक अख्तियार दुरुपयोग निवारण आयोगमा परेको नि. द. नं. २३८ मिति ०४५।६।२६ उपर यस आयोगबाट छानविन अनुसन्धानको

कारवाई गर्दा तत्कालिन व्यस्था विभिन्न स्थानीय निकायहरूमा यस प्रकारको सार्वजनिक र सरकारी रकमको दुरुपयोग भए गरेको भन्ने समय समयमा विभिन्न ठाउँबाट उजूरी परेकोमा अनुसन्धान गर्दा देखा परेका यथार्थतालाई समेत दृष्टिगत गरी आयन्दा यस प्रकारको त्रुटि र कमजोरीहरू दोहरिन नदिन के कस्तो व्यवस्था गर्नुपर्ने हो गर्न गराउन स्थानीय विकास मन्त्रालयमा लेखी गएको छ ।

७. मुद्दा दायर र अन्य कारवाईको संक्षिप्त विवरणः-

(क) राष्ट्रिय वाणिज्य बैंक मुख्य शाखा कार्यालय काठमाडौंका तत्कालिन शाखा प्रबन्ध बुद्धिसागर उपाध्याय समेतले विभिन्न पार्टीसँग मिलेमतो गरी रा. वा. बैंकलाई गैर कानूनी हानी र आफूलाई गैर कानूनी फाइदा पुऱ्याउने बदनियतपूर्ण उद्देश्यले बैंकको बिल खरीद सम्बन्धी कार्यमा भ्रष्टाचार गरेको पाइएकोले मिति २०४८।१२।२७ मा यस आयोगका सह सचिव श्री खगेन्द्र बस्न्यातको प्रतिवेदनले वादी श्री ५ को सरकार प्रतिवादी बुद्धिसागर उपाध्याय ढकाल लगायत १० जना प्रतिवादीहरू भएको भ्रष्टाचार मुद्दा खलितदुर पुनरावेदन अदालतमा दायर गरिएको छ । बिगो दाबी यस प्रकार छ ।

पोषण इन्टरप्राइजेजका प्रोप्राइटर धर्मेन्द्र बहादुर मल्ल र तत्कालिन शाखा प्रबन्धक बुद्धिसागर उपाध्यायको मिलोमतोमा बिल खरीद सम्बन्धी कारोबारमा बैंकलाई हानी पुऱ्याए बापत दाबी गरिएको बिगो रू. ५,३७,१०७।– तत्कालिन शाखा प्रबन्धक बुद्धिसागर उपाध्याय र दीप बहादुर तिवारी उपर बिल खरीदमा रा. वा. बैंकलाई हानी पुऱ्याएको बिगो रू. २,७०,६००।–, तत्कालिन शाखा प्रबन्धक बुद्धिसागर उपाध्याय र दिल बहादुर बिष्टले मिलेमतो गरी बिल खरीद गरी गराई बैंकलाई हानी पुऱ्याएको बिगो रू. ५,४५,५००।– र रा. वा. बैंक मुख्य शाखा कार्यालय काठमाडौंमा तत्कालिन एकाउन्टेन्ट शान्ति कुमार के. सी. र सुरेश बहादुर शाहीले मिलेमतो गरी रा. वा. बैंकलाई हानी पुऱ्याएको बिगो रू. ६,५०,०००।– समेत माथि उल्लेखित जम्मा बिगो रू. २०,०३,५०७।–को फैसला कार्यान्वयन हुँदाका अवस्थासम्मको २१ प्रतिशतले ब्याज जोडी जम्मा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३, २६ एवं ८ अनुसारको माग दाबी राखी बिगो बमोजिम जरिवाना र हदेसम्म कैद समेत गरी पाउँ भन्ने दाबी गरिएको ।

(ख) कानूनको रीत पुऱ्याई उपयुक्त हिसाबबाट जग्गा पाउने हुन र आफनो पदीय प्रकृति अनुसारको पदीय कर्तव्य पालन गरे उपर सचेत गराउन वन तथा वातावरण मन्त्रालयमा पठाइएको कारवाई मिसिल विवरण निम्न प्रकार रहेको छ ।

तत्कालिन बाँके बर्दिया जिल्ला वन क्षेत्र सुदृढीकरण उच्च स्तरीय आयोगका अध्यक्ष जोर्तसिंह खड्का समेतले जग्गा वितरण गर्दा भ्रष्टाचार गरी नपाउने व्यक्तिलाई जग्गा वितरण गरी अख्तियारको दुरुपयोग गरे भन्ने समेत विषयको तत्कालिन अख्तियार दुरुपयोग निवारण आयोगमा नि· द. नं. ६६ मिति २०४६।४।२७ मा दर्ता भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३६ अनुसार यस आयोगमा सरेको उक्त नि. द. नं. ६६ को निवेदन तथा अख्तियार दुरुपयोग निवारण आयोग प्र. द. नं. ११८ मिति ०४७।३।२१ को प्रतिवेदनमा उल्लेखित राय सुनासिब देखिएकोले बाँके जिल्ला कंचनपुर गा. पं. वा. नं. ७ टिकुलीपुरमा पहिलेदेखि बसोबास गरी आएका के कति छन् तिनीहरूको लगत लिई एकै सरह बसोबास गरी आएका पुराना बसोबासीहरू सबैले उपयुक्त हिसाबबाट जग्गा पाउने गरी सकेसम्म जसको जहाँ जहाँ बसोबास भोग चलन छ त्यहींको जग्गा पाउने किसिमले कानूनको रीत पुऱ्याई उक्त आयोगले गरी आएको कार्य जुन निकायबाट हुने हो सो निकायबाट हुन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (छ) अनुसार आफना पदको प्रकृति अनुसार पालन गर्नुपर्ने कुने पदीय कर्तव्य पालन नगरेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुसार कर्मचारीहरूलाई सचेत गराउन समेत मिसिल सहित माननीय वन तथा वातावरण मन्त्रीज्यू समक्ष पत्र लेखी पठाउने निर्णय भई लेखी गएको र वन तथा वातावरण मन्त्रालयबाट सम्बन्धित कर्मचारीलाई सचेत गराइएको जानकारी प्राप्त भएको छ ।

सचेत गराइएका अधिकृत कर्मचारीहरूः-

१) तत्कालिन बसोबास नायी व्यापम महेन्द्रनगर कन्चनपुरका नायी अधिकृत कृष्णराज न्यौपाने ।
२) तत्कालिन मालपोत कार्यालय बाँकेका वरिष्ठ मालपोत अधिकृत प्रमुख श्यामानन्द सुमन ।
३) तत्कालिन जिल्ला वन कार्यालय बाँकेका वन नियन्त्रक का. मु. योजना प्रमुख दिश्वदेव भट्ट ।
४) तत्कालिन मेरी अञ्चल क्षेत्रीय बसोबास कार्यालय बाँकेका ना. सु. खेमराज सुबेदी ।

(ग) जिल्ला वन कार्यालय मोरङ्ग अन्तर्गत बकाहा इलाका वन कार्यालयको पथरी इकाईका जङ्गलमा कोचो रुखहरू कटाई इलाका वन कार्यालयको कम्पाउण्डमा चुपारेकोमा जिल्ला वन शाखा मोरङको टुरबाटै नि.से. नि. बमोजिम मती ०४४।४।१६ गते सहायक

वन संरक्षक प्रह्लाद कुमार सिटौला, वनपाले हरिप्रसाद भट्टराई र यमबहादुर खतिवडालाई र पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालयबाट वन संरक्षक गोविन्द प्रसाद वास्कोटालाई नि. से. नि. को दफा १०.७ अन्तर्गत भनी ०४४।४।२२ मा निलम्बन गरिएको मिसिल फाइल पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय विराटनगरको मिति ०४५।५।६ को पत्रबाट छानबिनको सिलसिलामा तत्कालिन अख्तियार दुरुपयोग निवारण आयोगमा आएको र छानबिन अनुसन्धान शुरू भैरहेको मिसिल अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३६ अनुसार यस आयोगमा सरी सो मिसिल हेरिदा निलम्बन गरिएको सम्बन्धमा नि. से. नि. २०२१ को दफा १०.७ (३) मा भएको व्यवस्था अनुसार ३ महिना भित्र कारवाई किनारा लगाउन नसके श्री ५ को सरकारको स्वीकृति लिई एक महिनाको पटक गरी बढीमा अर्को ३ महिनासम्म सस्पेण्ट बढाउन सकिने छ भन्ने व्यवस्थामा सो प्रकृया पूरा गरेको नदेखिएको र यसै विषय सम्बन्धमा ०४५।१।६ मा तत्कालिन जिल्ला कार्यालयले मिसिल तामेलीमा राख्दा पनि तो निलम्बित कर्मचारीका सम्बन्धमा केही बोलेको नदेखिएको र यस आयोगबाट निलम्बन सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १७ र १९ (३) को अवस्था उपरोक्त निलम्बित कर्मचारीहरूका सम्बन्धमा लागू हुने नभएकोले ताहाँबाट नि. से. नि. २०२१ को नियम १०.७ (३) बमोजिमको कार्यविधि पूरा नभएतर्फ विचार गरी फुकुवा समेत जो जे गर्नु गराउनु पर्छ गर्नु हुन भनी वन विभागमा लेखि पठाउने भन्ने भई लेखि गएको छ ।

(घ) ०३८।१।१० मा ना. सु. पदमा नियुक्त भै क्रमशः ०४३।७।१३ र ०४५।६।२८ मा २।२ ग्रेड थप भएको, ०४६।०४७ सम्म ग्रेड १२ खाई-पाई आएकोमा निजामति किताब खानाले तलबी प्रतिवेदनमा १० ग्रेड मात्र पाउने भनी कैफियत लेखि दिई पठाएको आधारमा को. ले. नि. का. खोटाङले खाईपाई आएको ग्रेड बेरुजू देखाई असुल गरेकोले ०४६।४७ सम्मको १२ ग्रेड समर्थन गरी पठाई दिने आदेश पाउँ भन्ने समेत मालपोत कार्यालय खोटाङका ना. सु. अभयकान्त झाको निवेदनमा कारवाई हुँदा २ ग्रेड थपको मालपोत कार्यालय खोटाङको च. नं. १३५७ मिति ०४५।६।३० को पत्र यस कार्यालयमा प्राप्त नभएको कारणले निजले १० ग्रेड मात्र पाउने भनी तलबी प्रतिवेदनमा पारित भै गएकोले निजले आ. व. ०४६।४७ मा १२ ग्रेड नै पाउने भन्ने निजामति किताब खानाको ०४६। १।१६ को पत्र प्राप्त भएकोले उजूरी र किताबखानाको उक्त पत्र समेत राखी कानून बमोजिम जो जे गर्नु पर्छ गर्नु गर्न लगाउन मालपोत विभागलाई लेखि पठाई निवेदकलाई जनाउ दिइएको छ ।

(ङ) प्रतिवेदन नम्बर १ (नि. द. नं. ६१९ मिति ०४६।११।१) को गोबर ग्यास तथा कृषि यन्त्र विकास प्रा. लि. का महाप्रबन्धकले विभिन्न अनियमित कार्य गरी अख्तियारको दुरुपयोग र भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात गरी अनुसन्धान अधिकृतबाट पेश हुन आएको प्रतिवेदनमा आयोगले कम्पनीको व्यवस्थापन संचालक समितिलाई प्रभावकारी सुपरीवेक्षण, निर्देशन र प्रशासनिक नियन्त्रणको व्यवस्था मिलाउन समेत गराउने गरी कार्य फछर्यौट गरेको छ र सचेत गराउने आदेश अनुरूप कम्पनीको व्यवस्थापन संचालक समितिलाई लेखि गएको छ ।

(च) प्रतिवेदन नम्बर ३ (नि. द. नं. ८००, संलग्न नि. द. नं. ३४२) को तत्कालिन प्रहरी महानिरीक्षक श्री हेमबहादुर सिंह समेतले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरे भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात गरी अनुसन्धान अधिकृतबाट पेश हुन आएको प्रतिवेदनमा आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (१) (क) बमोजिम श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयमा अस्पष्ट ऐन नियम (वन, गुठी, भूमि) को संशोधनको लागि सुझाव दिने र तत्कालिन डि. एफ. ओ. तुलसीभक्त प्रजापतिलाई सतर्कता अपनाउन निर्देशन दिने प्रयोजनको लागि ऐनको दफा २८ (१) (ख) बमोजिम वन तथा वातारण मन्त्रालयमा लेखि पठाउने भै लेखि गएको छ ।

८. उपसंहार:–

अख्तियारको दुरुपयोग हुन नदिएर सार्वजनिक जीवनलाई स्वस्थ, स्वच्छ एवं उद्देश्य मूलक बनाउने दायित्व पूरा गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग भविष्यमा बढी सक्षम हुने छ र आयोगले गत वर्ष सम्पादन गरेका कार्यहरूबाट प्राप्त अनुभव यस विशामा सहायक सिद्ध हुने छन् भन्ने विश्वास लिइएको छ ।

अनुसूचीहरू

अनुसूची - १

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

संगठन तालिका



आयोग

सचिव

- अनुसन्धान महाशाखा (१)
- अनुसन्धान महाशाखा (२)
- अनुसन्धान महाशाखा (३)
- अनुसन्धान महाशाखा (४)
- अनुसन्धान महाशाखा (५) (जनसम्पर्क)
  - एस. एस. पी. (प्रहरी) - १
  - डि. एस. पी. - - - २
  - इन्स्पेक्टर - - - ६
  - स. ई. - - - - - ४
  - अ.स.ई. - - - - १
  - हवल्दार - - - १
  - जवान - - - - ५
  - २०
- आन्तरिक तथा आर्थिक प्रशासन शाखा
  - उ. स. - - - - - - १
  - सहायक सचिव - - - - २
  - शा. अ. - - - - - - ४
  - रा. प. तृ. (लेखा) - - - १
  - ना. सु. - - - - - ९
  - स्टोर मिसिल समेत (ना. सु.) - - १
  - लेखापाल - - - - १
  - लाइब्रेरियन ना. सु. - - १
  - स. ले. पा. - - - - १
  - रिसेप्सनिष्ट (प्रा. ख.) - - १
  - टाइपिष्ट - - - - ४
  - ड्राइभर - - - - २
  - तामेलदार (ज.) - - - १
  - पियन पाले - - - - ९
  - माली - - - - - २
  - स्वीपर - - - - २
  - टहलुवा - - - - २
  - ४४

दरबन्दी तेरिज

क्र. नं.	पद / श्रेणी	प्र.	ले.	प्रा.	न्या.	प्रहरी	रा.अ.वि.	जम्मा
१	विशिष्ट श्रेणी	१	-	-	-	-	-	१
२	रा.प.प्र. (स.स.स्तर)	४	-	-	-	१	-	५
३	रा.प.द्वि (उ.स.स्तर)	३	१	१	३	१	१	१०
४	,, (सा.स.स्तर)	१	१	-	१	-	-	३
५	रा.प.तृ.	९	१	१	२	२	४	१९
६	रा.प.अ. प्रथम	१०	१	१	४	४	-	२१
७	रा.प.अ. द्वितीय	-	१	१	-	१	-	३
८	रा.प.अ. तृतीय	-	-	-	-	१	-	१
९	रा.प.अ. चतुर्थ तामेलदार	-	-	-	१	-	-	१
१०	टाइपिष्ट	४	-	-	-	-	-	४
११	ड्राइभर	२	-	-	-	-	-	२
१२	निम्नस्तर (पियन/पाले)	९	-	-	-	५	-	१४
१३	,, माली	२	-	-	-	-	-	२
१४	,, स्वीइपर	२	-	-	-	-	-	२
१५	,, टहलुवा	२	-	-	-	-	-	२
	जम्मा	५०	५	४	१९	१५	५	९०
	काजसमुह विभिन्न स्तर							४
								९४

महाशाखा चौरेका लागि

- सह सचिव - ४ (प्र. १ ले. १ प्रा. १ न्या. १)
- उप सचिव - ७ (प्र. २ ले. १ प्रा. १ न्या. ३)
- सहायक सचिव - १ (ले. १)
- रा.प.तृ. - ८ (प्र. २ प्रा. २ न्या. ४)
- ना. सु. - ५ (प्र. २ प्रा. १ न्या. २)
- २५


श्री५ महाराजाधिराज
वार्षिक प्रतिवेदन
प्रमुख आयुक्त
आयुक्त
मं० प०
संसद
मं० प० स०
सचिव
मंत्रालयहरू
वि. प्र. वि.
प्रहरी प्र. का.
रा. अनुसन्धान विभाग
प्र. जि. अ. हरू ७५
महाशाखा (१)
महाशाखा (२)
महाशाखा (३)
महाशाखा (४)
महाशाखा (५) जनसम्पर्क
प्रशासन शाखा
रा. अनुसन्धान महाशाखा
विभागहरू
संकेत
सम्पर्क प्रकृया
कार्य सम्पर्क प्रकृया
सूचना सम्पर्क प्रकृया

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको
दरबन्दी (पूर्ति र रिक्त समेत)

सि.नं.	पदको नाम	स्वीकृत जम्मा पद	पूर्ति	रिक्त	कैफियत
१.	सचिव विशिष्ट श्रेणी	१	१	–	
२.	सह-सचिव, रा. प. प्रथम श्रेणी (प्र. १, ले. १, प्रा. १, न्याय १)	४	१	३	(लेखा १ का. मु. द्वारा पूर्ति)
३.	उप-सचिव, रा. प. द्वितीय श्रेणी (प्र. ३, ले. १, प्रा. १, न्याय ३)	८	३ (प्र.)	५	
४.	सहायक सचिव, रा. प. द्वि. श्रेणी (प्र.१, ले. १, न्याय १)	३	–	३	प्र. १ का. मु. द्वारा पूर्ति।
५.	शाखा अधिकृत, रा. प. तृ. श्रेणी (प्र. ६, न्या. ४, प्रा. २, ले. १)	१३	७ (प्र. ४, न्या. २, ले. १	६	
६.	ना. सु., रा. प. अनं. प्र. श्रेणी प्र. १३, ले. १, न्या. २, प्रा. १)	१७	१२ (न्या. २, ले. १, प्र. ९	५	
७.	सह-लेखापाल, रा. प. अनं. द्वि. श्रेणी	१	१	–	
८.	टे. अप्रेटर रा. प. अनं. द्वि. श्रेणी (प्रा.)	१	१	–	
९.	टाइपिष्ट (वेग श्रेणी)	४	३	१	
१०.	ह. स. चालक	२	२	–	
११.	तामेलदार, रा. प. अन. चतुर्थ	१	१	–	
१२.	पियन पाले	११	९	२	
१३.	माली	२	२	–	
१४.	मेहत्तर	२	२	–	
	जम्मा:	७०	४५	२५	

प्रहरी र राष्ट्रिय अनुसन्धान सेवा तर्फ

सि. नं.	पदको नाम	स्वीकृत जम्मा पद	पूर्ति	रिक्त	कैफियत
१.	प्र. व. उपरीक्षक	१	–	१	
२.	प्र. ना. उपरीक्षक	२ (प्र. १, रा. अ. से. १)	१ (रा. अ. से.)	१	
३.	प्र. निरीक्षक	६ (प्र. २, रा. अ. से. ४)	१ (रा. अ. से.)	५	
४.	प्र. ना. निरीक्षक	४	–	४	
५.	प्र. सा. निरीक्षक	१	–	१	
६.	प्रहरी हवलदार	१	–	१	
७.	प्रहरी जवान	५	...	५	
	जम्मा:	२०	२	१८	

काज समूह:– स. स. स्तर १, रा. प. द्वि. श्रेणी २, रा. प. तृ. श्रेणी १ समेत जम्मा ४।

(आयोगको कार्य प्रगति अवस्था र आवश्यकता अनुरूप आयोगले नै छोटो समय अवधिको लागि काज झिकाई काम लगाउन सकिने दरबन्दी सबै रिक्त छन्।)

क्रम संख्या	अ. दु. अ. आ. ऐन, २०४८ मा भएको वर्तमान व्यवस्था	संशोधनार्थ प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्ने कारण
१.	ऐनको दफा २ को: (ख) "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले संविधान वा अन्य प्रचलित कानून वा सम्बन्धित निकायको निर्णय वा आदेश बमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने वा कुनै दायित्व वा कर्तव्यको पालन गर्नु पर्ने पदमा रहेको दफा ४ को उपदफा (१) मा उल्लेखित व्यक्ति सम्झनु पर्छ।	१. सार्वजनिक पद धारण गरेको व्यक्ति भन्नाले संविधान वा अन्य प्रचलित कानून वा सम्बन्धित निकायको निर्णय वा आदेश बमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने वा कुनै दायित्व वा कर्तव्यको पालना गर्नु पर्ने व्यक्ति सम्झनु पर्छ।	१. संविधानको धारा ९८ (१) मा कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अख्तियारको दुरुपयोग गरेमा भन्ने उल्लेख हुँदा सो बमोजिम मिलाउन र अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गर्ने ऐनको दफा ४ (१) मा उल्लिखित पदाधिकारी बाहेकका अरू सबै पदाधिकारीहरू माथि पनि कारवाई गर्नका लागि।
२.	ऐनको दफा ४ को: आयोगको अधिकार क्षेत्र:– (१) उपदफा (३), (४) र (५) मा अन्यथा लेखिएकोमा बाहेक सार्वजनिक पद धारण गरेका व्यक्तिहरू मध्ये देहायका व्यक्तिबाट भएको अख्तियार दुरुपयोगको अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी अन्य कारवाई आयोगले गर्नेछ:– (क) राजनैतिक नियुक्त हुने पदमा बहाल रहेको व्यक्ति, (ख) श्री ५ को सरकारको कुनै सेवामा प्रथम श्रेणी वा सो भन्दा माथिल्लो दर्जामा बहाल रहेको अधिकृत, (ग) प्रथम श्रेणी भन्दा तल्लो दर्जाको भए पनि श्री ५ को सरकारको कुनै विभागको विभागीय प्रमुखको पदमा बहाल रहेको अधिकृत, र (घ) संविधान वा प्रचलित कानूनमा व्यवस्था भए अनुसार कुनै निकाय वा कार्यालयमा वा कुनै संस्थामा विभागीय प्रमुख वा प्रशासकीय प्रमुखको पदमा बहाल रहेको पदाधिकारी।	२. ऐनको दफा ४ को: आयोगको अधिकार क्षेत्र:– ऐनको दफा ४ (१) को सट्टा निम्न बमोजिम ४ (१) मा व्यवस्था हुनु पर्ने:– ४(१):– उपदफा (३), (४) र (५) मा अन्यथा लेखिएकोमा बाहेक सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेमा तत्सम्बन्धमा उजूरी परेमा वा कुनै श्रोतबाट जानकारी भएमा आयोगले कानून बमोजिम अनुसन्धान तहकिकात वा अन्य कारवाई स्वयं गर्न वा अवस्था अनुसार आवश्यक शर्तहरू तोकी प्रमुख आयुक्त, आयुक्त वा श्री ५ को सरकारको कर्मचारीलाई आयोगको अधिकार सुम्पी गराउन सक्नेछ। आयोगले अख्तियार सुम्पी कारवाई गराउने सम्बन्धमा साधारणत: श्री ५ को सरकारको कुनै सेवामा प्रथम श्रेणी वा सो भन्दा माथिल्लो दर्जामा बहाल रहेको पदाधिकारी, प्रथम श्रेणी भन्दा तल्लो दर्जाको भए पनि श्री ५ को सरकारको कुनै विभागीय प्रमुख वा कुनै संस्थाको	२. अख्तियार दुरुपयोग सम्बन्धी उजूरीमा अनुसन्धान तहकिकात वा अन्य कारवाई सम्बन्धी आयोगको अधिकार क्षेत्रबारे भइरहेको कानूनलाई संविधानको धारा ९८ को उपधारा (१) र (५) सम्मत बनाउनको लागि।

	विभागीय प्रमुख तथा सो भन्दा माथिको पदमा बहाल रहेको पदाधिकारी बाहेकका अन्य पदमा बहाल रहेको व्यक्तिले अख्तियारको दुरूपयोग गरेमा सो सम्बन्धमा उजूरी परेमा वा अन्य श्रोतबाट जानकारी भएमा कानून बमोजिम कारवाई किनारा गर्ने आफ्नो अधिकार आयोगले श्री ५ को सरकारको कर्मचारीलाई सुम्पन सक्नेछ ।	
३. ऐनको दफा ६: संस्थामा भएको अनुचित कार्यको सम्बन्धमा आयोगले कारवाई गर्ने बारे: दफा ४ को उपदफा (१) को अधिनमा रही कुनै संस्थामा भएको अनुचित कार्यको सम्बन्धमा आयोगले आफू समक्ष प्रतिवेदन पेश गर्नु पर्ने गरी आयोगमा परेको उजूरीमा कारवाई गर्नको लागि अवस्था अनुसार सम्बन्धित संस्था वा सो सित सम्बन्धित माथिल्लो निकायमा पठाउन सक्नेछ र त्यस सम्बन्धमा भएको कारवाई र निर्णयको जानकारी त्यस्तो निकायले आयोग र उजूरवालालाई दिनु पर्नेछ । तर आयोगले आवश्यक देखेमा त्यस्तो उजूरीको सम्बन्धमा पुनः छानबिन गराउन वा आफैले कारवाई गर्न सक्नेछ ।	३. दफा ६ खारेज गर्ने ।	३. यो दफा सम्बन्धी विषय दफा ४ मा नै व्यवस्था भएको ।
४. ऐनको दफा ८: ऐनको दफा ८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश पछि: अनुचित कार्य सम्बन्धी उजूरी: (१) अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्तिको उजूरी नपरी आयोगले त्यस सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा कारवाई चलाउने छैन । तर त्यस्तो व्यक्तिको मृत्यु भैसकेको वा त्यस्तो व्यक्ति शारीरिक वा मानसिक असक्तताले गर्दा उजूरी दिन नसक्ने अवस्था भएको प्रमाणित भएमा आयोगले निजको हकवाला वा संरक्षकको उजूरीबाट पनि त्यस सम्बन्धमा कारवाई चलाउन सक्नेछ ।	४. ऐनको दफा ८: अनुचित कार्य सम्बन्धी उजूरी: (१) सार्वजनिक हक हितमा असर पर्ने गरी कसैले अनुचित कार्य गरेमा जो सुकैको उजूरी परेमा आयोगले कारवाई गर्न वा गराउन सक्नेछ। सो देखि बाहेक अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्तिको उजूरी नपरी आयोगले त्यस सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान र तहकिकात गर्ने र कारवाई चलाउने छैन । तर त्यस्तो व्यक्तिको मृत्यु भैसकेको वा त्यस्तो व्यक्ति शारीरिक वा मानसिक असक्तताले गर्दा उजूरी दिन नसक्ने अवस्था भएको प्रमाणित भएमा आयोगले निजको हकवाला वा संरक्षकको उजूरीबाट पनि त्यस सम्बन्धमा कारवाई चलाउन सक्नेछ ।	४. सार्वजनिक हक हितमा असर पर्ने गरी कसैले अनुचित कार्य गरेमा कारवाई गर्ने प्रयोजनका लागि ।

५. ऐनको दफा ६:	५. ऐनको दफा ६:	५. अनुचित कार्य सम्बन्धी उजूरीको कार्यान्वयनलाई व्यावहारिक र सरल बनाउन ।
उजुरीको सनाखत: उजूरीवालाले स्वयं आयोगमा उपस्थित भै उजूरी दिएकोमा बाहेक हुलाकबाट वा अन्य कुनै प्रकारले आयोगमा उजूरी पठाएकोमा त्यस्तो उजूरी प्राप्त भएको सात दिन भित्र सो उजूरी सनाखत गर्न आयोगले उजूरवालालाई आयोगमा उपस्थित हुने सूचना पठाउनु पर्नेछ । तर उजूरीको व्यहोराबाट सो उजूरी तथ्यमा आधारित नभएको वा अस्पष्ट वा भ्रमपूर्ण देखिएमा आयोगले त्यस सम्बन्धमा कुनै कारवाई नगर्ने निर्णय गर्न सक्नेछ । त्यस्तो निर्णयको सूचना आयोगले यथाशीघ्र उजूरवालालाई दिनु पर्नेछ	उजूरीको सनाखत: उजूरवालाले स्वयं आयोगमा उपस्थित भै उजुरी दिएकोमा वाहेक हुलाकबाट वा अन्य कुनै प्रकारले आयोगमा उजूरी पठाएकोमा त्यस्तो उजरी प्राप्त भएपछि आयोगले आवश्यकतानुसार आफै समक्ष झिकाई वा धो ५ को सरकारका जिल्ला स्थित अधिकृत समक्ष सनाखत गराउन लगाउन सक्नेछ । तर उजूरीको व्यहोराबाट सो तथ्यमा आधारित नभएको वा अस्पष्ट वा भ्रमपूर्ण देखिएमा आयोगले त्यस सम्बन्धमा कुनै कारवाई नगर्ने निर्णय गर्न सक्नेछ । त्यस्तो निर्णयको सूचना आयोगले यथाशीघ्र उजूरवालालाई दिनु पर्नेछ ।	
६. ऐनको दफा १२:	६. ऐनको दफा १२:	६. संवीधानको धारा ९८ (२) बमोजिम मिलाउनको लागि ।
कारवाई गर्न लेखि पठाउने: (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले दफा ११ बमोजिमको स्याद भित्र कुनै स्पष्टीकरण पेश नगरेमा वा निजले पेश गरेको स्पष्टीकरण आयोगको रायमा सन्तोषजनक नभएमा वा प्राप्त प्रमाणबाट निजले अनुचित कार्य गरेको देखिएमा निजलाई सचेत गराउन वा विभागीय कारवाई वा अन्य आवश्यक कारवाई गर्ने ठहर निर्णय गरी आयोगले त्यस्तो व्यक्ति धो ५ को सरकारको सेवामा भए सम्बन्धित मन्त्रीलाई र कुनै संस्थाको सेवामा भए सो संस्थाको प्रमुखलाई लेखी पठाउन सक्नेछ । त्यसरी लेखी पठाउँदा आयोगले आफ्नो ठहर निर्णयको प्रतिलिपि समेत पठाउने छ । तर मन्त्री उपरको उजूरीको हकमा उचित कारवाईको लागि आयोगले प्रधानमन्त्रीलाई लेखी पठाउनु पर्नेछ । (२) उपदफा (१) बमोजिम आयोगले लेखी पठाएको कुरा सम्बन्धित मन्त्री वा संस्थाको प्रमुखले यथासम्भव चाँडो कार्यान्वयन गरी त्यसको जानकारी आयोग र उजूरवालालाई दिनुपर्छ । (३) उपदफा (१) बमोजिम आयोगले लेखी पठाएको कुरा तीन महीना भित्र सम्बन्धित मन्त्रीले कार्यान्वयन नगरेमा आयोगले सो कुरा आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ	कारवाई गर्न लेखि पठाउने: (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले दफा ११ बमोजिमको स्याद भित्र कुनै स्पष्टीकरण पेश नगरेमा वा निजले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा वा प्राप्त प्रमाणबाट निजले अनुचित कार्य गरेको देखिएमा निजलाई सचेत गराउन वा विभागीय कारवाई वा अन्य आवश्यक कारवाई गर्ने ठहर निर्णय गरी आयोगले त्यस्तो व्यक्ति उपर कारवाई गर्न अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ । त्यसरी लेखी पठाउँदा आयोगले आफ्नो ठहर निर्णयको प्रतिलिपि समेत पठाउनेछ । तर मन्त्री उपरको उजूरीको हकमा उचित कारवाईको लागि आयोगले प्रधानमन्त्रीलाई र संसदको सदस्यको हकमा सम्बन्धित सभाका सभामुख वा अध्यक्षलाई लेखी पठाउन सक्नेछ । (२) उपदफा (१) बमोजिम आयोगले लेखी पठाएको कुरामा सम्बन्धित पदाधिकारीले यथाशीघ्र चाँडो कार्यान्वियन गरी त्यसको जानकारी आयोग र उजूरवालालाई दिनुपर्छ ।	

र संस्थाको प्रमुखले कार्यान्वयन नगरेमा आयोगले श्री ५ को सरकारको सम्बन्धित मन्त्रालयलाई आवश्यक कारवाई गर्न लेखी पठाउनु पर्नेछ ।	(३) उपदफा (१) बमोजिम आयोगले लेखी पठाएको कुरा तीन महीना भित्र सम्बन्धित पदाधिकारीले कार्यान्वयन नगरेमा आयोगले सो कुरा आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नेछ र संस्थाको अख्तियारवालाले कार्यान्वयन नगरेमा आयोगले श्री ५ को सरकारको सम्बन्धित मन्त्रालयलाई आवश्यक कारवाई गर्न लेखी पठाउनेछ ।	
७. ऐनको दफा १५: जानकारी तथ्यपूर्ण देखिएमा सम्बन्धित व्यक्तिसँग स्पष्टीकरण माग्नेः— दफा १४ को उपदफा (१) बमोजिम भ्रष्टाचारको कुनै अपराधको प्रारम्भिक छानबिन गर्दा उजूरी प्रतिवेदन वा आयोगलाई प्राप्त जानकारी तथ्यपूर्ण देखिएमा आयोगले आरोपको संक्षिप्त विवरण उल्लेख गरी त्यस्तो अपराध गर्ने व्यक्ति र सो अपराधमा मुछिएका अन्य व्यक्तिहरूसँग स्पष्टीकरण माग्न सक्नेछ ।	७. ऐनको दफा १५: जानकारी तथ्यपूर्ण देखिएमा अनुसन्धानको कारवाई शुरू गर्नेः दफा १४ को उपदफा (१) बमोजिम भ्रष्टाचारको कुनै अपराधको प्रारम्भिक छानबिन गर्दा उजूरी प्रतिवेदन वा आयोगलाई प्राप्त जानकारी तथ्यपूर्ण देखिएमा आयोगले स्वयं वा ऐनको दफा २० बमोजिम अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धान तहकिकात गर्नेछ । भ्रष्टाचार सम्बन्धी कार्यको प्रयोजनको लागि अनुसन्धान गर्दा वा सबुत प्रमाण संकलन गर्दा कसूरमा मुछिएका व्यक्ति समेत लाई गिरफ्तार गर्न सरकारी, अर्द्ध-सरकारी वा गैर सरकारी कार्यालय, गोदाम वा अन्य स्थानको खानतलासी लिने, सम्बन्धित कागज पत्र वा अन्य मालवस्तु आफ्नो जिम्मामा लिने, अभियुक्तलाई बयान गराउने, सर्जमिन मुचुल्का तयार गर्ने लगायतको कार्य गर्ने अधिकार आयोगलाई हुनेछ र सो सम्बन्धमा अनुसन्धान मौका तहकिकात वा अन्य सबुत प्रमाणको संकलनको काममा आयोगले दिएको आदेश नेपाल प्रहरीको लागि आफ्नो तालुकवाला प्रहरी अधिकृतको आदेश सरह हुनेछ ।	७. भ्रष्टाचार सम्बन्धी अनुसन्धान तहकिकात गर्दा अन्य प्रचलित कानूनमा साविक देखिन भैरहेको व्यवस्था बमोजिम प्रस्तुत ऐनमा पनि सो बमोजिम व्यवस्था गरी अझ प्रभावकारी बनाउन ।
८. ऐनको दफा १८: मुद्दा चलाउनेः सार्वजनिक पद धारण गरेको व्यक्ति उपर भ्रष्टाचारको आरोपको सम्बन्धमा यस ऐन बमोजिम चलेको कारवाई र त्यस सम्बन्धमा	८. ऐनको दफा १८: मुद्दा चलाउनेः सार्वजनिक पद धारण गरेको व्यक्ति उपर भ्रष्टाचारको आरोप सम्बन्धमा यस ऐन बमोजिम चलेको	८. कानूनको कार्यान्वयनमा एकरूपता ल्याउन सरल एवं व्यवहारिक बनाउन ।

भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानून बमोजिम सम्बन्धित पुनरावेदन अदालतमा मुद्दा चलाउन अनुसन्धान अधिकृतलाई वा श्री ५ को सरकारको तत्सम्बन्धी अन्य निकाय वा कार्यालयलाई आदेश दिन सक्नेछ ।

कारवाई र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भएमा आयोगका तर्फबाट अनुसन्धान तहकिकात भएकोमा आयोग रहेको जिल्लाको प्रादेशिक क्षेत्राधिकार भएको पुनरावेदन अदालतमा मुद्दा चलाउन अनुसन्धान अधिकृतलाई वा श्री ५ को सरकारको कर्मचारीलाई आदेश दिन सक्नेछ ।

तर ऐनको दफा (४) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम आयोगले अधिकार सुम्पिएको श्री ५ को सरकार को कर्मचारीबाट कारवाई अनुसन्धान तहकिकात भई चलाउने मुद्दा सो कर्मचारीको कार्यालय रहेको प्रादेशिक क्षेत्राधिकार भएको पुनरावेदन अदालतमा निज कर्मचारीले दायर गर्ने वा गराउने छ ।

---

९. ऐनको दफा १९:

(११) अख्तियार दुरूपयोग गरेको सम्बन्धमा राजनैतिक नियुक्त हुने पदमा बहाल रहेको व्यक्ति वा संसदको सदस्य उपर कसैको उजूरी परेमा त्यस्तो उजूरीको सम्बन्धमा आयोगले गोप्य तरिकाबाट छानविन गर्नु पर्नेछ। त्यसरी छानवीन गर्दा उजूरीमा लेखिएका कुराहरू प्रमाणित हुने आधार देखिन आएमा त्यस्तो उजूरीको सम्बन्धमा यस ऐन बमोजिम कारवाई चलाउनु अघि आयोगले राजनैतिक नियुक्ति हुने पदमा बहाल रहेको व्यक्तिको हकमा प्रधानमन्त्रीलाई र संसदको सदस्यको हकमा सम्बन्धित सभाका सभामुख वा अध्यक्षलाई छानविनको विवरण सहित सूचना गर्नुपर्नेछ ।

(१२) उपदफा (११) बमोजिम सूचना दिएपछि राजनैतिक नियुक्ति हुने पदमा बहालरहेको व्यक्तिको हकमा प्रधानमन्त्रीबाट र संसदको सदस्यको हकमा सम्बन्धित सभाका सभामुख वा अध्यक्षबाट कारवाई गर्न लेखि आएमा आयोगले सम्बन्धित व्यक्ति उपर यसै ऐन बमोजिम कारवाई गर्न सक्नेछ ।

९. ऐनको दफा १९:

(११) अख्तियार दुरूपयोग गरेको सम्बन्धमा मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री पदमा बहाल रहेको व्यक्ति वा संसदको सदस्य उपर कसैको उजूरी परेमा त्यस्तो उजूरीको सम्बन्धमा आयोगले गोप्य तरिकाबाट छानविन गर्नुपर्नेछ । त्यसरी छानविन गर्दा उजूरी मा लेखिएका कुराहरू प्रमाणित हुने आधार देखिन आएमा त्यस्तो उजूरीको सम्बन्धमा यस ऐन बमोजिम कारवाई गराउनु अघि आयोगले मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री पदमा बहाल रहेको व्यक्तिको हकमा प्रधानमन्त्रीलाई र संसदको सदस्यको हकमा सम्बन्धित सभाका सभामुख वा अध्यक्षलाई छानविनको विवरण सहित सूचना गर्नुपर्नेछ ।

(१२) उपदफा (११) बमोजिम सूचना दिएपछि, मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री पदमा बहाल रहेको व्यक्तिको हकमा प्रधानमन्त्रीबाट र संसदको सदस्यको हकमा सम्बन्धित सभाका सभामुख वा अध्यक्षबाट तत्स-

९. संविधान अनुकूल कानून तर्जुमा गर्ने ।

	म्बन्धमा आफनो प्रतिकृया सहित जानकारी पठाएमा आयोगले सो समेत उपर विचार गरी यो ऐन बमोजिम कारवाई गर्न सक्नेछ ।	
१०. ऐनको दफा २०: अनुसन्धान अधिकृत नियुक्त गर्नेः (१) यस ऐन बमोजिम अनुचित कार्य वा भ्रष्टाचारको अपराध प्रारम्भिक छानविन वा अनुसन्धान र तहकिकात गर्न आयागले आवश्यकतानुसार कुनै आयुक्त वा आयोगको कुनै कर्मचारी वा श्री ५ को सरकारको वा संस्थाको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृत नियुक्त गर्न सक्ने छ । तर आयोगले कुनै सरकारी वा संस्थाको कर्मचारीलाई अनुसन्धान अधिकृत नियुक्त गर्नु पर्दा अवस्थानुसार श्री ५ को सरकार वा सम्बन्धित संस्थाको कार्यालयको प्रमुख पदाधिकारी सँग परामर्श गरेर नियुक्त गर्नुपर्नेछ । (२) उपदफा (१) बमोजिम आयोगबट नियुक्त भएको अनुसन्धान अधिकृतले यस ऐन बमोजिम अनुसन्धान र तिहककातको सम्बन्धमा आयोगलाई प्राप्त अधिकारको प्रयोग गर्न सक्नेछ ।	१०. ऐनको दफा २०: अनुसन्धान अधिकृत नियुक्त गर्नेः (१) यस ऐन बमोजिम अनुचित कार्य वा भ्रष्टाचारको अपराधको प्रारम्भिक छानविन वा अनुसन्धान र तहकिकात गर्न आयोगले आवश्यकतानुसार कुनै आयुक्त वा आयोगको कुनै कर्मचारी वा श्री ५ को सरकारको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृत नियुक्त गर्न सक्नेछ । तर आयोगले आयोग बाहिरका श्री ५ कोसरकारका कर्मचारीलाई अनुसन्धान अधिकृत नियुक्त गर्दा अवस्थानुसार श्री ५ को सरकार वा सम्बन्धित कर्मचारीको अख्तियारवाला सँग परामर्श गरेर नियुक्त गर्नु पर्नेछ । (२) उपदफा (१) बमोजिम आयोगबाट नियुक्त भएको अनुसन्धान अधिकृतले आयोगले तोकेको शर्तको अधिनमा रही यस ऐन बमोजिम अनुसन्धान र तहकिकातको सम्बन्धमा आयोगलाई प्राप्त अधिकारको प्रयोग गर्न सक्नेछ ।	१०. संविधानको धारा ९८ (५) अनुसार मिलाउन ।
११. ऐनको दफा २९ को प्रतिबन्धात्मक वाक्यांश : अवकाश प्राप्त व्यक्ति उपर पनि मुद्दा चलाउन सकिनेः कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले पदमा बहाल रहेको अवस्थामा गरेको भ्रष्टाचारको सम्बन्धमा त्यस्तो व्यक्तिले आफनो पदबाट अवकाश प्राप्त गरेपछि पनि निज उपर मुद्दा चलाउन यस ऐनमा लेखिएको कुनै कुराले आयोगलाई बाधा पुऱ्याएको मानिने छैन । तर त्यस्तो मुद्दा सार्वजनिक पदधारण गरेको व्यक्तिले पदबाट अवकाश प्राप्त गरेको एक वर्ष भित्र चलाई सक्नु पर्नेछ ।	११. ऐनको दफा २९ को प्रतिबन्धात्मक वाक्यांशः अवकाश प्राप्त व्यक्ति उपर पनि मुद्दा चलाउन सकिनेः तर त्यस्तो मुद्दा सार्वजनिक पद धारण गरेको व्यक्तिले पदबाट अवकाश प्राप्त गरेको मितिले ५ वर्ष भित्र आयोगले वा आयोगद्वारा अधिकार सुम्पिएको श्री ५ को सरकारको कर्मचारीले कारवाई नचलाएकोमा सो अवधि पछि त्यस सम्बन्धमा यस ऐन अन्तर्गत कुनै कारवाई चलाइने छैन ।	११. यस ऐनको दफा (१३) अनुसार मिलाउन ।
१२. ऐनको दफा ३४: मुद्दा हेर्ने अधिकारीः (१) यस ऐन अन्तर्गत आयोगले अनुसन्धान र तहकिकात गरेको मुद्दा हेरी	१२. ऐनको दफा ३४: मुद्दा हेर्ने अधिकारीः (१) यस ऐन अन्तर्गत कारवाई भएको मुद्दा हेरी	१२. प्रतिरक्षाको व्यवस्था गर्न र दफा १८ तथा संविधानको धारा ९८(५) बमोजिम मिलाउनको लागि ।

किनारा गर्ने अधिकार पुनरावेदन अदालतलाई हुनेछ ।

(२) भ्रष्टाचारको आरोपमा यस ऐन अन्तर्गत चलेको मुद्दामा श्री ५ को सरकार वादी हुनेछ ।

(३) यस ऐन अन्तर्गतको मुद्दा अनुसन्धान अधिकृतको वा आयोगले मुद्दा चलाउन अधिकार सुम्पेको अन्य कुनै निकाय वा कार्यालयको प्रतिवेदन-बाट चल्नेछ ।

कारवाही किनारा गर्ने अधिकार दफा १८ बमोजिम प्रादेशिक क्षेत्राधिकार भएको पुनरावेदन अदालतलाई हुनेछ ।

(२) यस ऐन अन्तर्गतको मुद्दा अनुसन्धान अधिकृतको वा आयोगले मुद्दा चलाउन अधिकार सुम्पेको श्री ५ को सरकारको कर्मचारीको प्रतिवेदन-बाट चल्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनबाट चलेको मुद्दामा अदालत समक्ष बहस पैरवी, प्रतिरक्षा र पुनरावेदन गर्नु र आयोग र आयोग-द्वारा अधिकार सुम्पिएको श्री ५ को सरकारको कर्मचारीबाट यस ऐन बमोजिम माग भएको कानूनी राय परामर्श दिनु सरकारी वकिलको कर्तव्य हुनेछ ।

---

१३. ऐनको दफा ३५:

अन्य कानून बमोजिम अनुसन्धान गर्न विभागीय कारवाही गर्न वा मुद्दा चलाउन सक्ने:– (१) यस ऐनमा लेखिएको कुनै कुराले पनि श्री ५ को सरकार-को कुनै निकायले सार्वजनिक पद धारण गरेको व्यक्ति बाहेक अन्य कुनै व्यक्ति वा पदाधिकारी उपर भ्रष्टाचार निवारण ऐन, २०१७ वा अन्य प्रचलित कानून बमोजिम अनुसन्धान गर्न, विभा-गीय कारवाही गर्न वा मुद्दा चलाउन पाउने अधि-कारमा बाधा पुऱ्याएको मानिने छैन ।

१३. ऐनको दफा ३५:

अन्य कानून बमोजिम अनुसन्धान गर्न विभागीय कारवाही गर्न वा मुद्दा चलाउन सक्ने:– (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले अख्तियारको दुरूपयोग गरेकोमा यस आयोगबाट कारवाही भैरहेकोमा अख्तियार दुरूपयोग गरे-कोमा हुने कारवाही बाहेक निज उपर अन्य प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न वा मुद्दा चलाउने इत्यादि कारवाही गर्न यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि श्री ५ को सरकारको कुनै निकायले सार्वजनिक पद धारण गरेको व्यक्ति बाहेक अन्य कुनै व्यक्ति वा पदा-धिकारी उपर भ्रष्टाचार निवारण ऐन, २०१७ वा अन्य प्रचलित कानून बमोजिम अनुसन्धान गर्न, विभागीय कारवाही गर्न वा मुद्दा चलाउन पाउने अधिकारमा बाधा पुऱ्याएको मानिने छैन ।

१३. अख्तियार दुरूपयोग गरेकोमा हुने कारवाही बाहेक अन्य प्रचलित कानून बमोजिम कारवाई गर्ने अवस्था पर्न आएमा सो कारवाई गर्न सक्ने व्यवस्था गर्ने ।

अनुसूची–३

पर्न आएका उजूरी निवेदनहरूको क्षेत्र तथा जिल्लागत विवरणः

क्षेत्र	जिल्ला	गत वर्षको जिम्मेवारी समेत			कैफियत
		अनुचित कार्य सम्बन्धी	भ्रष्टाचार सम्बन्धी	जम्मा	
पूर्वाञ्चल	ताप्लेजुङ	–	१	१	
	पाँचथर	१	३	४	
	ईलाम	–	३	३	
	झापा	२	१५	१७	
	भोजपुर	१	२	३	
	धनकुटा	१	२	३	
	तेह्रथुम	१	२	३	
	संखुवासभा	–	३	३	
	सुनसरी	४	२२	२६	
	मोरङ्ग	११	३८	४९	
	सोलुखुम्बू	–	२	२	
	खोटाङ्ग	–	२	२	
	उदयपुर	१	१६	१७	
	ओखलढुङ्गा	१	–	१	
	सप्तरी	११	१५	२६	
	सिराहा	५	६	११	
	जम्माः–	३९	१३२	१७१	
मध्यमाञ्चल	दोलखा	१	३	४	
	रामेछाप	–	३	३	
	सिन्धुली	३	४	७	
	धनुषा	१६	२२	३८	
	महोत्तरी	२	७	९	
	सर्लाही	४	६	१०	
	मकवानपुर	१०	२१	३१	
	चितवन	१	५	६	
	वारा	२	११	१३	
	पर्सा	१४	२०	३४	
	रौतहट	३	१०	१३	
	रसुवा	१	८	९	
	धादिङ्ग	–	२	२	
	नुवाकोट	–	६	६	
	सिन्धुपाल्चोक	२	४	६	
	काभ्रेपलान्चोक	४	४	८	
	काठमाडौं	१०८	२९४	४०२	
	भक्तपुर	६	१७	२३	
	ललितपुर	१०	१९	२९	
	जम्माः–	१८७	४६६	६५३	

पश्चिमाञ्चल	कास्की		३	११	१४
	स्यांग्जा		—	३	३
	लमजुङ		१	१	२
	मनाङ		१	२	३
	तनहुँ		—	५	५
	गोरखा		—	३	३
	बाग्लुङ		१	२	३
	पर्वत		३	२	५
	म्यादी		—	—	—
	मुस्ताङ		—	—	—
	रुपन्देही		२	११	१३
	नवलपरासी		९	३६	४५
	अर्घाखाँची		१	२	३
	गुल्मी		२	६	८
	पाल्पा		२	२	४
	कपिलवस्तु		१	९	१०
		जम्मा:–	२६	९५	१२१
मध्यपश्चिमाञ्चल	रोल्पा		—	१	१
	रुकुम		—	१	१
	सल्यान		—	२	२
	प्यूठान		१	१	२
	दाङ		४	५	९
	दैलेख		१	२	३
	सुर्खेत		१	७	८
	जाजरकोट		—	—	—
	बाँके		६	१६	२२
	बर्दिया		—	१०	१०
	हुम्ला		१	२	३
	जुम्ला		१	२	३
	कालिकोट		—	—	—
	मुगु		१	२	३
	डोल्पा		—	१	१
		जम्मा:–	१६	५२	६८
सुदूर पश्चिमाञ्चल	बझाङ		—	८	८
	बाजुरा		—	२	२
	डोटी		—	३	३
	अछाम		—	५	५
	कैलाली		४	२०	२४
	दार्चुला		१	२	३
	बैतडी		—	६	६
	डडेल्धुरा		—	—	—
	कञ्चनपुर		३	२	५
		जम्मा:–	८	४८	५६
		कूल जम्मा:–	२७६	७९३	१०६९

अख्तियार दुरूपयोग अनुसन्धान आयोग
आ.व. २०४८।२०४९
अनुसन्धान अधिकृत तोकि अनुसन्धान तहकिकात भँरहेको विवरण

सि.नं.	दर्ता नं. र मिति	विषय	कैफियत
१.	४८३३।८६२ ०४७।२।२३	रसुवा जिल्ला स्थित हेलिप्याड (ग्राउण्ड) निर्माण गर्दा तत्कालिन स्था. वि. अ. समेतले अनियमित गरी भ्रष्टाचार गरे गराए भन्ने समेत ।	
२.	३४७९।६५८	बाँके वन विकास परियोजनाका तत्कालिन प्रोजेक्ट मेनेजर पूर्णमान शाक्यले दाउरा चट्टा बिक्री वितरण गर्दा धाँधली तथा भ्रष्टाचार गरे भन्ने ।	
३.	४८३ २०४५।१०।२५	कोशी टप्पू वन्यजन्तु आरक्षणमा तार वार लगाउने समेत काममा अनुचित प्रकृया अपनाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका तत्कालिन महानिर्देशक समेतले भ्रष्टाचार गरे भन्ने समेत ।	
४.	२७६७।५५०	दोलखा जिल्लाका तत्कालिन जि.पं. सभापति रामप्रसाद उप्रेती समेतले तत्कालिन जिल्ला पञ्चायत सचिवालयको बजेट मासी भ्रष्टाचार गरे भन्ने ।	
५.	२१२७।३४७, २९४।५८९	राष्ट्रिय वाणिज्य बैङ्क रानी शाखाबाट एभरेष्ट इण्डष्ट्रीजलाई कर्जा प्रवाह गर्दा बैङ्कलाई नोक्सानी पुऱ्याए भन्ने समेत ।	
६.	८४	खानेपानी संस्थानका महाप्रबन्धक गणेशराज शर्मलि जर्मन सल्लाहकार नियुक्त गर्दा समेत भ्रष्टाचार गरी अख्तियार दुरूपयोग गरे भन्ने ।	
७.	२४१,८२ १३७ र ९२९ ३६२	नेपाल खानेपानी संस्थानका अधिकृत कौशलनाथ भट्टराईले संस्थानको लागि सामान खरीद गर्दा लाखौं भ्रष्टाचार गरे भन्ने समेत ।	
८.	९४७	खानेपानी संस्थानका प्रयागलाल जोशीले ढल निर्माणको काममा र माल सामान खरीदमा अनियमितता गरी भ्रष्टाचार गरे भन्ने ।	
९.	७१	राष्ट्रिय वाणिज्य बैङ्क सती शाखा कैलालीबाट पार्टीलाई ऋण प्रवाह गर्दा भ्रष्टाचार गरे भन्ने ।	
१०.	११	०४८ सालको नेपाल दूर सञ्चार संस्थान छाउनीको डिजिटल एक्सचेञ्ज भवन निर्माण गर्दा गराउँदा स्तरयुक्त नबनाई खराब स्तरको बनाई भ्रष्टाचार गरे भन्ने समेत ।	
११.	प्र.व.नं.१८४ ०४७।२।२४	तत्कालिन वन क्षेत्र सुदृढिकरण उच्च स्तरीय आयोगका अध्यक्ष केशव कुमार बुढाथोकीले मकवानपुर जिल्लाको घियाल क्षेत्रबाट उठाएका परिवारलाई दिने भनी वन मन्त्रालयबाट लिएको रू. ३ लाख कर्मचारीकोको नाममा पेस्की दिई जाली बिल भरपाई बनाई मिलेमतो गरी भ्रष्टाचार गरे भन्ने ।	
१२.	७१० ०४६।१२।७	वन पैदावार विकास समिति अन्तर्गत खोटो व्यवस्थापन आयोजनाका लागि मित्र राष्ट्र सोभियत सङ्घबाट सहयोग स्वरूप प्राप्त निर्माण सामाग्रीहरू डुबानी गर्दा अनियमित गरे भन्ने ।	
१३.	प्र.नं. २६ ०४७।५।२४	राष्ट्रिय वाणिज्य बैङ्क काठमाडौं शाखाका शाखा प्रमुख बुद्धिसागर उपाध्यायले केन्द्रीय कार्यालयको स्वीकृति विना र केन्द्रबाट जारी भएको परिपत्र विपरित आयात प्रतित पत्र निर्यात प्रतित पत्र खोल्न दिएको समेतमा पार्टिहरूसँग मिलोमतो गरी बैङ्कलाई डुबाउने अवस्था पुऱ्याएको भन्ने ।	

१४. ३४८, ४२९, १४५, ५७१ र ६५४, प्र.द.नं. ४७ ०४६।७।३

कृषि आयोजना सेवा केन्द्रका तत्कालिन कार्यकारी निर्देशक डा. जगदीशराज बराल समेतले गरेको मनपरी तलब व्यापक भ्रष्टाचार नियन्त्रण गर्न कसैले नसकेकोले गरियोस् भन्ने समेत ।

१५. ७३२।३२० ०४८।१२।१२

स्थलरूपी नापी महाशाखाबाट मालसामान खरीद र अन्य काम कारवाईमा अख्तियार दुरूपयोग एवं भ्रष्टाचार भएको छ भन्ने समेत ।

१६. २२१३।४६८ ०४६।८।२५

कपिलवस्तु जिल्ला कृषि शाखाको लागि कार्यालय भवन, क्वार्टरहरु, कम्पाउण्डवाल समेत निर्माण गराउँदा राम्रो सुपरभिजन नगरी ठेकेदारसँग मिलोमतो गरी कृषि प्रचार तथा प्रसार आयोजनाका प्रमुख श्री शिवचन्द्र श्रेष्ठ समेतले भ्रष्टाचार गरे भन्ने ।

१७. २८४ ०४८।११।२०

श्री ५ को सरकारको राजपत्रांकित प्रथम श्रेणी अधिकृत विद्युतराज चालिसेले का. न. पा. वार्ड नं. २३ (च) कि. नं. १६७ को जग्गा रोक्नी ०–११–० आफ्नो नाममा दर्ता गर्न गराउन जोताहाको अस्थायी निस्सा नै कृत्रिम तयार गरेको भन्ने समेत ।

१८. प्र.द.नं.९७ २०४७।२।६

तत्कालिन जि. पं. स. कृष्ण प्रसाद उपाध्यायले वन शाखा मोरंगका जिल्ला वन नियन्त्रक गोपाल भक्त माथेमासँग मिलोमतो गरी बक्राहा इलाका वन कार्यालय अन्तर्गत पथरी इकाई क्षेत्रमा काँचो रूख कटान गरी वन विनास गरे भन्ने ।

१९. १४७, ७०, ४३६, ३३५

खानेपानी तथा ढल निकास संस्थानका तत्कालिन का. मु. प्रबन्धक प्रयागलाल जोशीले ढल निर्माण गर्दा र म्यान-होल कभर किन्दा समेत व्यापक भ्रष्टाचार गरे भन्ने समेत ।

२०. ६१ २०४६।९।६

तत्कालिन वन तथा भू-संरक्षण मन्त्री हेम बहादुर सिंह मल्लले इन्धन संस्थानबाट चट्टा दाउरा बिक्री वितरण गर्दा गराउँदा सो काममा संस्थानलाई हानी हुने र अन्य व्यक्तिहरूलाई अनुचित लाभ पुऱ्याउने गरेर अख्तियार दुरूपयोग गरे भन्ने समेत ।

२१. ३७६ ०४६।७।२०

तत्कालिन जिल्ला पञ्चायत सचिवालय बझाँगका विभिन्न पदाधिकारी समेतले भ्रष्टाचार गरे भन्ने समेत ।

२२. ५५२, १६, १५ र ५१

बांसवारी छाला तथा जुत्ता कारखाना लिमिटेडको हाता भित्रको जग्गा ४०१ ओ बैठकको निर्णयले प्रचलित दर भन्दा निकै कम मूल्यमा च्याम्पियन फुट वेयरलाई बिक्री गरी भ्रष्टाचार गरे भन्ने समेत ।

२३. १२७ ०४८।७।१५

रसुवा जिल्लाका तत्कालिन का. मु. स्थानीय विकास अधिकारी माधुर प्रसाद यादव समेतले विकास अनुदान-बाट खानेपानी योजना सम्पादन गर्दा निर्माण सामाग्री कम गुणस्तरको खरीद गरी भ्रष्टाचार गरे भन्ने समेत ।

२४. ७११ ०४६।१२।९

मालपोत कार्यालय मकवानपुरका कार्यालय प्रमुख पुण्य प्रसाद न्यौपाने (भा. पो. अधिकृत) र कर्मचारीहरू समेतले मिलोमतो गरी (जग्गा वर्तामा) पारित हुन आएको लिखतहरूको राजश्व आम्दानी नबाँधी हिनामिना भ्रष्टाचार गरे भन्ने समेत ।

२५. १८३ ०४८।८।२४

राष्ट्रिय वाणिज्य बैंक काठमाडौं शाखाका मुख्य अधिकृत नरेन्द्र बहादुर प्रधान समेतले बौद्ध जोरपाटीको पार्टी राधाकृष्णइन्टरप्राइजेजसँग धितो पास गरी वेहिसाब गरी भ्रष्टाचार गरे भन्ने समेत ।

२६. ६५ ०४७।१२।१८

मकवानपुरका तत्कालिन प्र. जि. अ. झवाली र हेटौंडा नगर पंचायतका प्रधानपंच अशोक वानिया समेतको मिलोमतोबाट नगर विकास समितिको रकम हिनामिना गरे भन्ने समेत ।

२७. ६८० ०४६।११।२८

राष्ट्रिय वाणिज्य बैंकका तत्कालिन महाप्रबन्धक लक्ष्मण बहादुर हमालले नीति नियममा अनियमितता गरी गैह्र कानूनी काम कारवाई गरी कर्जा प्रवाह गर्ने कार्य समेतमा धाँधली गरे र अख्तियार दुरूपयोग गरी भ्रष्टाचार गरे भन्ने समेत ।